STUDY IN ABROAD
AUSTRALIA I NEW ZEALAND
UK I USA I CANADA
IELTS I OET I PTE
Preparation Center
BEACON™
EDUCATION & VISA SERVICES
Study Abroad & Test Preparation Center
Siddhartha Chowk, Pokhara, Nepal
061 578812, 573093, 9856031631, 9856071671
info@beaconedu.com.np

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क २१९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ भदौ ५ गते शनिबार ❑ 21 Aug. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## स्थानीय निकायमा कानुन विपरीत खर्च

**रासस**
**काठमाडौं, ४ भदौ**

स्थानीय निकायको निर्वाचनको समयमा 'गाँउगाँउमा सिंहदरबार'को नारा राम्रै गरी लागेको थियो । जनतालाई घर आँगनमा नै सेवा सुविधा उपलब्ध गराउने लक्ष्यका साथ मत माग्न गएका स्थानीय जनप्रतिनिधिले कतिपय स्थानीय तहमा प्रभावकारी सेवा पनि दिएका छन् । कतिपय स्थानीय तहका जनप्रतिनिधि भने आफ्नै सेवा सुविधामा केन्द्रित भएको पाइएको छ।

महालेखा परीक्षकको कार्यालयले शुक्रबार राष्ट्रपतिसमक्ष पेस गरेको ५८औं प्रतिवेदनअनुसार ३४३ स्थानीय निकायले रु एक अर्ब ३३ करोड बराबरको सवारी साधन खरिद गरेको पाइएको छ । यस्तै, कानून विपरीत आफ्नै सेवा सुविधा बढाएको, आर्थिक ऐन, विधि तथा कानून विपरीतका सुविधा लिएको पाइएको छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ परिधिभित्र रही औचित्यताको आधारमा मात्रै खर्च गर्नुपर्ने व्यवस्था भए पनि विविध खर्च शीर्षकमा मात्रै ४७१ स्थानीय तहले रु एक अर्ब ३१ करोड ८८ लाख २० हजार बराबरको खर्च गरेका छन् । यस्तै, ६० स्थानीय तहले वडा सदस्यलगायत जनप्रतिनिधि र कर्मचारीको अवलोकन भ्रमणमा मात्रै रु सात करोड ७८ लाख ८० हजार खर्च गरेका छन् । पूँजी निर्माणमा सहयोग नहुने तथा उत्पादनमा वृद्धि गर्ने खर्चलाई निरुत्साहित गर्नुपर्नेमा पूँजीगत शीर्षकमा विनियोजन गरेर चालु प्रकृतिका कार्यमा १२९ स्थानीय तह रु ३६ करोड ७७ लाख ८७ हजार बराबरको खर्च गरेका छन् । महालेखाले पूँजीगत बजेटबाट चालु प्रकृतिका कार्यमा खर्च गर्ने कार्यलाई पूर्णरूपमा नियन्त्रण गर्न निर्देशन दिएको छ।

महालेखाको प्रतिवेदनअनुसार रौतहटको ईशनाथ नगरपालिकाले साडी, कुर्था वितरणमा रु १० लाख ९७ हजार, फतुवा विजयपुरले साडी, ग्यास वितरणमा रु ८८ लाख ८६ हजार, मौलापुर नगरपालिकाले ग्यास चुल्हो वितरणमा रु ५० लाख ५० हजारसमेत गरी रु एक करोड ५० लाख ३३ हजार बराबरको वितरणमुखी काममा खर्च गरेको पाइएको छ । पर्साको कालिकामाई, विन्दवासिनी छिपरमाई, सखुवा प्रसौनी, सर्लाहीको विष्णु र बाराको प्रसौनी गाँउपालिकाले ग्याससेट, ग्यास चुल्हो वितरण गरेको आधारमा रु तीन करोड ५७ लाख ६६ हजार खर्च गरेको छ। धनुषाको हंसपुर नगरपालिकाले दुई आवमा रु १४ लाख ९६ हजार बराबरको मोबाइल वितरण गरेको छ।

काठमाडौंको नागार्जुन नगरपालिकाले आगलागी नियन्त्रणका लागि भन्दै रु एक करोड ६९ लाख ४३ हजार बराबरको खर्च गरेको भन्दै त्यस्तो कार्य तत्काल रोक्न महालेखाले निर्देशन दिएको छ । आर्थिक सहायताको नाममा ४३६ स्थानीय तहले रु ६२ करोड तीन लाख १० हजार वितरण गरेका छन् । स्थानीय प्रशासन ऐनले आर्थिक सहायता, चन्दा, पुरस्कार तथा संस्थागत अनुदान दिन नपाउने व्यवस्था गरे पनि आर्थिक सहायता वितरण गरिएको छ । प्रतिवेदनअनुसार २२५ स्थानीय तहले स्थानीय सङ्घसंस्था, क्लबलाई रु २१ करोड २२ लाख ३६ हजार बराबरको भुक्तानी दिएका छन् । महालेखाले अनुत्पादक तथा वितरणमुखी खर्च नियन्त्रण गर्नुपर्ने सुझाव दिएको छ । सवारी साधन खरिद नगरेका स्थानीय तहले भाडामा लिएका छन् भने केहीले आन्तरिक आयबाट त्यस्ता सवारी साधन खरिद गरेको भए पनि अधिकांशले वित्तीय समानीकरण अनुदानको बजेट प्रयोग गरेका छन् । त्यस्तै, ५१ स्थानीय तहले ब्याकहो लोडर एक्साभेटरलगायत हेभी मेसिनरी खरिद गरी रु ३३ करोड ५० लाख ५० हजार खर्च गरेका छन् । ती सवारी साधनको मर्मतमा पनि उत्तिकै खर्च भएको छ । प्रतिवेदनअनुसार ५२० स्थानीय तहले खरिद गुरुयोजना तथा ४९१ स्थानीय तहले वार्षिक खरिद योजना नै बनाएका छैनन् । कूल ५२९ स्थानीय तहले प्रतिस्पर्धा नै नगराई विभिन्न निर्माण कार्य, वस्तु तथा सेवा सोझै खरिद गरेका छन् । त्यस्तो खरिदमा रु पाँच अर्ब ९२ करोड ५३ लाख ४६ हजार बराबरको खर्च लेखेका छन् । सामाजिक सुरक्षा कार्यक्रममा पनि अनियमितता भएको पाइएको छ । कूल १७० स्थानीय तहले नागरिकता नम्बर र जन्म मिति एउटै भएका लाभग्राहीलाई रु २२ करोड ५६ लाख ९५ हजार बढी खर्च लेखेका छन् । मृत्यु भएका, दोहोरो नाम भएकालाई समेत सामाजिक सुरक्षा भत्ता वितरण गरिएको छ।

यस्तै, ३८ स्थानीय तहले केन्द्रीय सूचना प्रणालीमा नाम समावेश नभएका विभिन्न व्यक्तिलाई रु ७८ करोड ८९ लाख तीन हजार भत्ता वितरण गरेको छ । महालेखाले बढी भुक्तानी दिनेलाई जिम्मेवार बनाई सो रकम असुल गर्नुपर्ने बताएको छ।

## प्रस्तावित दुवै दललाई ९ गते सनाखतका लागि आयोगले बोलायो

**पोखरापत्र संवाददाता**
**पोखरा, ४ भदौ**

नेकपा (एकीकृत समाजवादी) नामको राजनीतिक दल दर्ताका लागि निर्वाचन आयोगमा निवेदन परेको छ । नेकपा एमालेबाट दल विभाजन भई माधव नेपालको अध्यक्षतामा गठित नेकपा एमाले (समाजवादी)ले स्वयं अर्कै नयाँ नाम प्रस्ताव गरी आज निवेदन दर्ता गराएको हो।

नेकपा एमाले (समाजवादी)ले बुधबार दल दर्ताका लागि दिएको निवेदनमा उल्लेखित दलको नाम परिवर्तन गर्न निवेदन संशोधन दर्ता गराएको आयोगका प्रवक्ता राजकुमार श्रेष्ठले जानकारी दिनुभयो।

दल दर्ताका लागि आयोगले यही भदौ ९ गते सनाखतका लागि दलका सदस्यलाई बोलाएको छ । दलका सांसद र कार्यसमिति सदस्यको सनाखतपछि आयोगको बस्ने बैठकले दल दर्तासम्बन्धी निर्णय सुनाउने छ।

यसअघि माधव नेपाल समूहले प्रस्ताव गरेको नामका विषयमा अनौपचारिक छलफल हुँदा विगत नेकपाकै जस्तो परिस्थिति आउन सक्ने आकलन गरी नाम परिवर्तनका लागि निवेदन संशोधन गरिएको अनुमान छ।

गत फागुन २३ गते सर्वोच्च अदालतबाट भएको फैसलाले नेपाल कम्युनिष्ट पार्टी (नेकपा)लाई ऋषि कट्टेलको नेकपासँग नाम मिल्न गयो भनी नेकपा एमाले र नेकपा माओवादी केन्द्रको एकता खारेज गरेको थियो।

महन्थ ठाकुरको अध्यक्षतामा गठित लोकतान्त्रिक समाजवादी पार्टी नेपाललाई पनि सनाखतका लागि आयोगले यही भदौ ९ गते नै बोलाएको छ।

## 'स्वास्थ्य मापदण्डको पालना गर्दै कक्षा १२ को परीक्षा संचालन गर्नुपर्ने'

**पोखरापत्र संवाददाता**
**पोखरा, ४ भदौ**

सांसद्ले कक्षा १२ को परीक्षा पटकपटक रोकिँदा विद्यार्थीमा नकारात्मक असर परेको भन्दै स्वास्थ्य मापदण्डको पालना गर्दै परीक्षा सञ्चालन गर्न सरकारलाई अनुरोध गरेका छन्।

प्रतिनिधिसभा, शिक्षा तथा स्वास्थ्य समितिको शुक्रबार बसेको बैठकमा समितिका सदस्यले अरु परीक्षा सञ्चालन भइरहेको र बजारमा भीड नरोकिएकाले एउटा कक्षाको मात्रै परीक्षा रोकिन नहुने औंल्याएका छन् । समितिका सदस्य मानबहादुर विश्वकर्माले देशभित्रैका विश्वविद्यालयका र अन्तरराष्ट्रिय बोर्डका परीक्षा सञ्चालन भइरहेकाले १२ कक्षाको मात्रै रोकिन नहुनेमा जोड दिनुभयो । परीक्षा दिनका लागि जिल्लाबाट काठमाडौं आएर बसेका विद्यार्थी पटकपटक परीक्षा रोकिँदा निरास भएको उहाँको भनाइ छ।

समितिका सदस्य सुरेन्द्रकुमार यादवले इञ्जिनीयरिङ क्याम्पसले विद्यार्थी कलेज नगएर घरघरमा बसेर पढ्दा पनि खेलकूद, भ्रमणलगायतका शीर्षकमा शुल्क लिने गरेकाले त्यसको नियमन हुनुपर्ने बताउनुभयो ।

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

पोखरा ईन्जिनियरिङ्ग कलेजको नयाँ भर्ना सम्बन्धि सूचना !
प्राविधिक ईन्जिनियरिङ्ग शिक्षामा सधै अग्रस्थानमा रहन सफल यस पोखरा ईन्जिनियरिङ्ग कलेजमा नयाँ शैक्षिक शत्र २०७८/७९ को लागि निम्न विषयहरूमा भर्ना खुल्यो ।
कार्यक्रमहरु:
❖ Diploma in Computer Engineering (Overseer) 3 yrs
❖ Diploma in Civil Engineering (Overseer) 3 yrs
आवश्यक न्यूनतम योग्यता : SEE मा Math र Science मा C र अंग्रेजीमा D+ वा सो सरह।
❖ Pre-Diploma in Civil Engineering (18 months) को लागि SEE वा SLC मा जुनसुकै Grade वा प्रतिशत ल्याएको विद्यार्थीले पनि पढ्न पाउने।
फारम बुझाउने अन्तिम मिति : २०७८ भाद्र १८ गते शुक्रबार सम्म मात्र।
नोटः जनजाति, महिला, दलित, मधेसी, दुर्गम, विपन्न, पिछडा वर्ग र उत्कृष्ट विद्यार्थीहरुलाई छात्रवृत्तिको व्यवस्था गरिएको छ ।
विस्तृत जानकारीको लागिः
पोखरा ईन्जिनियरिङ्ग कलेज
फिर्के-८ पोखरा, फोन नं.०६१-५२५९२६, ५३१२०९, ५२८५३०
www.pec.edu.np

## तीन हजार ४२ जना कोरोना संक्रमित, २६ को मृत्यु

**रासस**
**काठमाडौं, ४ भदौ**

बितेका २४ घण्टामा तीन हजार ४२ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको छ । नयाँ बिरामी थपिएसँगै देशभर सङ्क्रमितको सङ्ख्या आठ लाख २३ हजार ६४७ पुगेको छ।

थप १० हजार ५३० जनाको पीसीआर परीक्षण तथा सात हजार १२४ जनाको एन्टिजेन विधिबाट कोरोना परीक्षण गरिएको थियो । पीसीआर विधिबाट दुई हजार ७९ तथा एन्टिजेनबाट ९६३ जनामा सङ्क्रमण पुष्टि भएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ । हालसम्म छ लाख ९३ हजार ५४३ जना कोरोनाबाट मुक्त भइ घर फर्किएका छन् । पछिल्लो २४ घण्टामा देशभर दुई हजार २४४ सङ्क्रमित निको भएर घर फर्किएका छन् । निको हुने दर ९३ दशमलव एक प्रतिशत रहेको छ । हाल देशभर सक्रिय सङ्क्रमितको सङ्ख्या ४० हजार ३०९ रहेको छ । बितेका २४ घण्टमा देशभर एक लाख ८० हजार २८ जनाले कोरोनाविरुद्धको खोप लगाएको मन्त्रालयले जनाएको छ । हाल देशभर ७१४ सङ्क्रमितको सघनउपचार कक्षमा तथा १७१ सङ्क्रमितको भेन्टिलेटरमा उपचार भइरहेको छ।

पछिल्लो समय देशमा कोरोना भाइरसको सङ्क्रमणबाट थप २६ सङ्क्रमितको मृत्यु भएको छ । योसँगै कोरोना भाइरसको सङ्क्रमणबाट ज्यान गुमाउनेको संख्या १० हजार ४५५ पुगेको मन्त्रालयले जनाएको छ।

## कास्कीभरिका पशुलाई खोप

**पोखरापत्र संवाददाता**
**पोखरा, ४ भदौ**

महामारीका कारण हुने आर्थिक क्षति र खाद्य सुरक्षामा पर्ने असर न्यूनीकरण गरी पशुको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने लक्ष्यसहित जिल्लाका सबै पशु चौपायालाई खोप दिइने भएको छ।

'स्वस्थ पशु, समृद्ध किसान, पूर्ण खोप अभियान'को लक्ष्यसहित भेटेरेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले रोगका कारण हुने पशुजन्य उत्पादनको गिरावटलाई कम गरी खोपका माध्यमबाट पशुधनको सुरक्षाका लागि गाई, भैंसी, बाख्रा, बङ्गुर र भेडामा यस वर्ष पूर्ण खोप कार्यक्रम सञ्चालनको योजना बनाएको छ।

गत वर्ष माछापुच्छ्रे र रुपा गाउँपालिकामा पुशमा पूर्ण खोप कार्यक्रम कार्यान्वयन गरिएकामा यस वर्ष पोखरा महानगरपालिका, मादी र अन्नपूर्णमा पूर्ण खोप कार्यक्रम सञ्चालनको कार्यक्रम अघि बढाइएको भेटेरेनरी अस्पतालका प्रमुख एवं वरिष्ठ पशु विकास अधिकृत डा शोभा शर्माले बताउनुभयो । उहाँका अनुसार यसअघि पूर्ण खोप पालिका घोषणा भएका माछापुच्छ्रे र रुपामा समेत थप भएका पशुमा पुनः खोप दिइनेछ । खोप कार्यक्रममा महामारी रोगविरूद्ध भैंसीलाई खोरेत र एचएसविक्यू, भेडाबाख्रामा पिपिआर र खोरेत, बङ्गुरलाई हैजा र कुकुरलाई रेविजविरुद्धको खोप दिइने छ। "महामारीजन्य र जुनोटिक (मानव र पशुपक्षीबीच एकापसमा सर्ने) रोग नियन्त्रण गरी रोगबाट बचाउन र कृषकले पशुपक्षीमा गरेको लगानीको सुरक्षा गर्न पशुमा खोप लगाउनु महत्वपूर्ण छ", प्रमुख डा शर्माले भन्नुभयो, "सबैको सहयोगबाट कास्कीलाई नै पशुमा पूर्ण पशु खोपयुक्त जिल्ला बनाउने योजनामा छौं ।" खोप अभियान सञ्चालका लागि सुरुआतमा पशु तथ्याङ्क सङ्कलन, खोपको महत्वका बारेमा प्रचारप्रसार, खोप खरिद तथा भण्डार र खोपकर्ता छनोट गरी अभिमुखीकरणपछि खोप कार्यक्रम सुरु हुनेछ । यसैगरी खोप लगाउँदा गाई, भैंसी र बङ्गुरलाई कृषकका सम्बन्धित गोठ र फार्ममा नै पुगेर लगाइने तथा भेडा, बाख्रा र कुकुरका लागि निश्चित स्थान तोकिने कार्ययोजना छ।

खोप कार्यक्रम सम्पन्न भएपछि पशुको शरीरमा विकास भएको प्रतिरोधात्मक क्षमता परीक्षण गर्दा तोकिएको मापदण्डअनुसार भएमा पूर्ण खोपयुक्त घोषणा गरिने कार्यालयले जनाएको छ। पशुबाट मान्छे र मान्छेबाट पशुमा सर्ने जुनोटिक रोगलाई नियन्त्रण गरी जनस्वास्थ्यलाई पाने नकारात्मक प्रभावबाट बचाउन र पशुजन्य रोगको उपचार तथा नियन्त्रण गर्दा लाग्ने समय र खर्चको बचतका लागि समेत खोप कार्यक्रम प्रभावकारी बन्ने विश्वास लिइएको छ।

भूमि व्यवस्था कृषि सहकारी तथा गरिबी निवारण मन्त्रालयका सचिव सवनम शिवाकोटीले तीन वर्षभित्रमा प्रदेशका ८५ वटै स्थानीय तहमा पशुको पूर्ण खोप कार्यक्रम सञ्चालन गर्ने योजना रहेको बताउनुभयो । उहाँका अनुसार मानव स्वास्थ्य, पशु अधिकार र समृद्धिका लागिसमेत खोप महत्वपूर्ण रहेको बताउनुभयो।

कस्ता बिरामीले कोरोना विरुद्धको खोप नलगाउने ?

कोरोना विरुद्धको खोप कसले लगाउने र कसले नलगाउने भन्ने अन्योल छ। यस्तोमा निम्न अवस्थाका व्यक्तिले कोरोनाविरुद्धको खोप लगाउनु हुँदैन :
- १८ वर्षभन्दा कम उमेरका व्यक्ति
- खोपको पहिलो मात्रा लगाएपछि एनाफाइलेक्सिस् प्रतिक्रिया (गम्भीर एलर्जी) भएको व्यक्ति
- यो खोपको कुनै तत्वबाट गम्भीर प्रकारको प्रतिक्रिया वा एनाफाइलेक्सिस् भएको व्यक्ति
- पहिला अन्य कुनै खोप, सुई, औषधी वा खानेकुराबाट गम्भीर प्रकारको प्रतिक्रिया भएको व्यक्ति
- हाल गम्भीर बिरामी भएको वा उच्च ज्वरो आएको व्यक्तिले निको नहुन्जेल
- कोभिड-१९ को लागि Monoclonal antibodies वा Convalescent plasma उपचार विधि अपनाएकाले कम्तीमा ९० दिनपछि खोप लगाउन मिल्छ
- कोरोना संक्रमितले संक्रमणमुक्त भएको ३० दिनपछि खोप लगाउन मिल्छ
यी बाहेक बाँकी सबैले आफ्नो पालो आउँदा खोप लगाउनुपर्छ। खोप लगाउनुअघि आफ्नो रोग र आफूले सेवन गरिरहेको औषधीको बारेमा स्वास्थ्यकर्मीलाई जानकारी गराउनुहोस्।
नेपाल सरकार विज्ञापन बोर्ड

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. -५२०६५१

# कोरोनाबाट तनहुँमा एक सय चारको मृत्यु

**पोखरापत्र संवाददाता**
**दमौली, ४ भदौ**

वैशाख यता तनहुँमा कोरोना संक्रमणबाट १०४ को मृत्यु भएको छ । दोस्रो लहरको कोरोना सुरु भएपछि जिल्लाका १०४को मृत्यु भएको स्वास्थ्य कार्यालय तनहुँले जनाएको छ।

भानु नगरपालिका सात, व्यास नगरपालिकाका २६, शुक्लागण्डकी नगरपालिकाका ४१, भिमाद नगरपालिकाका १५, म्याग्दे गाउँपालिकाका ६, घिरिङ गाउँपालिकाका चार, देवघाट गाउँपालिकाका एक, बन्दीपुर गाउँपालिकाका तीन र आँबुखैरेनी गाउँपालिकाका एक जनाको मृत्यु भएको छ।

तनहुँमा दैनिक रुपमा कोरोना संक्रमणको जोखिम बढ्दो छ । निषेधाज्ञा जारी भए पनि सर्वसाधारणबाट लापरबाही बढेकाले कोरोना संक्रमणको जोखिम बढिरहेको हो । स्वास्थ्य कार्यालयका अनुसार हाल जिल्लामा कूल सक्रिय संक्रमितको संख्या ४३८ छ । वैशाख यता जिल्लाका चार हजार ७८६ कोरोनाबाट संक्रमित भएका छन् । त्यसमध्ये चार हजार २४५ संक्रमणमुक्त भएका छन् ।

दश स्थानीय तहमध्ये पाँच स्थानीय तह उच्च जोखिममा छन् भने पाँच स्थानीय तह मध्यम जोखिममा रहेको कार्यालयका प्रमुख शंकर बाबु अधिकारीले जानकारी दिनुभयो । उहाँका अनुसार भानु नगरपालिका, व्यास नगरपालिका, शुक्लागण्डकी नगरपालिका, भिमाद नगरपालिका र म्याग्दे गाउँपालिका कोरोनाको उच्च जोखिममा छ । घिरिङ गाउँपालिका, ऋषिङ गाउँपालिका, देवघाट गाउँपालिका, बन्दीपुर गाउँपालिका र आँबुखैरेनी गाउँपालिका मध्यम जोखिममा छन् । भानु नगरपालिकाका ३१७, व्यास नगरपालिकाका एक हजार ६०६, शुक्लागण्डकी नगरपालिकाका एक हजार २७२, भिमाद नगरपालिकाका ४९०, म्याग्दे गाउँपालिकाका ४३९, घिरिङ गाउँपालिकाका १३४, ऋषिङ गाउँपालिकाका ८३, देवघाट गाउँपालिकाका ७८, बन्दीपुर गाउँपालिकाका २५८ र आँबुखैरेनी गाउँपालिकाका १०९ जनामा कोरोना संक्रमण पुष्टि भएको छ।

त्यसमध्ये भानुमा २५७, व्यासमा एक हजार ३९१, शुक्लागण्डकीमा एक हजार १२५, भिमादमा ४५१ र म्याग्देमा ३९५ जना संक्रमणमुक्त भएका छन् । घिरिङमा १२६, ऋषिङमा ७९, देवघाटमा ७२, बन्दीपुरमा २५२ र आँबुखैरेनीमा ९७ जना संक्रमणमुक्त छन् । जिल्लामा यस अवधिमा छ हजार १०५ जनाको पीसीआर र छ हजार ६०१ जनाको एन्टिजेन विधिबाट कोरोना परीक्षण गरिएको छ। जिल्लाका १० स्थानीय तहमध्ये सबैभन्दा बढी कोरोना संक्रमण हुने दर भानु नगरपालिकामा बढी छ । उक्त नगरपालिकामा कूल परीक्षणको ५५.८१ प्रतिशतमा कोरोना पुष्टि भएको छ। कोरोना संक्रमितमध्ये अधिकांश होम आइसोलेसनमा छन् । 'निषेधाज्ञा खुकुलो भएसँगै सर्वसाधारणबाट स्वास्थ्य मापदण्ड अपनाएको देखिएको छैन,' स्वास्थ्य कार्यालयका प्रमुख अधिकारीले भन्नुभयो, 'यसलाई कडा नगरिए स्थिति राम्रो हुँदैन ।' निषेधाज्ञा खुकुलो भए पनि कोरोना जोखिम नघटेकाले स्वास्थ्य मापदण्ड अपनाउन अधिकारीले आग्रह गर्नुभयो। 'स्वास्थ्य मापदण्ड अपनाए मात्रै कोरोना संक्रमण न्यूनीकरण हुन्छ, लापरबाही गर्नुभएन,' अधिकारीले भन्नुभयो, 'यसका लागि सबैले आ-आफ्नो क्षेत्रबाट सहयोग गर्नुपर्छ।'

# अनशनरत गोर्खाले १३ औँ दिनमा तोडे अनशन

**रासस**
**काठमाडौं, ४ भदौ**

समान पेन्सनलगायतका माग राख्दै १३ दिनदेखि आमरण अनशनमा रहेका पूर्व गोर्खाले बिहीबार अनशन तोडेका छन् । जुलाई २१ देखि १७ दिने रिले अनशनपछि पछिल्लोपटक १३ दिनदेखि आमरण अनशन बस्दै आएका ज्ञानराज राई, सचिव धन गुरुङ र महिला अभियानकर्मी पुष्प राना घलेले बेलायती रक्षा मन्त्रालयको आधिकारिक धारणा आएपछि अनशन तोड्नुभएको हो।

गोर्खा सत्याग्रह संयुक्त सङ्घर्ष समितिका प्रमुख संयोजक कृष्णबहादुर राईले आफूहरूले राख्दै आएका मागमा भनेअनुरुप दुवै देशका सरकारबीच सहमति भएकाले अनशन तोडिएको बताउनुभयो । माग सम्बोधन गर्ने कुरा व्यक्त गर्दै अनशनस्थल पुग्नुभएका बेलायत सरकारका रक्षा राज्यमन्त्री लियो डोचेर्टीका साथमा बेलायतका लागि नेपाली राजदूत लोकदर्शन रेग्मी हुनुहुन्थ्यो । उहाँ दुवैले अनशनरत अभियानकर्मीलाई जुस खुवाएर अनशन तोडाउनुभएको थियो।

अनशन तोडेपछि राजदूत रेग्मीले गोर्खाका मुद्दामा बेलायत सरकार वार्ताको टेबलमा बस्न तयार भएको बताउनुभयो । प्राविधिक संयन्त्रको सिफारिसकै आधारमा बेलायत, नेपाल र गोर्खासहितको वार्ताको सहमति बनेको उहाँले जानकारी दिनुभयो।

उक्त सहमतिअनुसार आगामी सेप्टेम्बर ८ मा बेलायत सरकारका अधिकारी र नेपाली अधिकारी तथा गोर्खाबीच प्रारम्भिक छलफल हुने र डिसेम्बरबाट वार्ता सुरु हुने प्रमुख संयोजक राईले जानकारी दिनुभयो । सत्याग्रह समितिले बेलायतका पूर्वगोर्खा, विभिन्न राजनीतिक दल तथा तिनका नेता र आम नागरिक सबैलाई आफ्नो आन्दोलनमा समर्थन गरेकामा धन्यवाद दिएको छ।

अनशनरत भूपूगोर्खाको विषयलाई लिएर बिहीबार मात्र सर्वोच्च अदालतले नेपाल सरकारका नाममा तत्काल बेलायत सरकारसँग वार्ता गर्न र आमरण अनशनमा रहेका तीन भूपूगोर्खाको जीवनरक्षाका लागि आवश्यक पहल गर्न अन्तरिम आदेश जारी गरेको थियो । बुधबार गैरआवासीय नेपाली युकेले नेपाल सरकारलाई पत्र पठाएर गोर्खाहरूको समस्या समाधानका लागि पहल गर्न अनुरोधसहित ज्ञापनपत्र बुझाएको थियो।

# महालेखा प्रतिवेदन : चार खर्ब १८ अर्बको बेरुजु

**पोखरापत्र संवाददाता**
**पोखरा, ४ भदौ**

सरकारले कारबाही गरेर टुङ्गो लगाउनुपर्ने रकम रु छ खर्ब ७६ अर्ब ४१ करोड बराबर रहेको छ।

महालेखापरीक्षकको ५८औँ वार्षिक प्रतिवेदनअनुसार आर्थिक वर्ष २०७६/७७ सम्म बेरुजु रकम रु चार खर्ब १८ अर्ब ८५ करोड बराबर रहेको छ । सरकारले आवश्यक कारबाही गरेर उठाउनुपर्ने रकमको हिस्सा भने झन्डै रु सात खर्ब बराबरको रहेको छ। आव २०७५/७६ मा रु चार खर्ब १८ अर्ब ३२ करोड रहेको बेरुजु आव २०७६/७७ मा थप रु ५३ करोडले बढेको हो । लेखापरीक्षणबाट रु छ अर्ब १७ करोड बराबरको असुल भएको छ। सङ्घीय, प्रदेश सरकारी निकाय र स्थानीय तह, सङ्गठित संस्था, समिति र अन्य संस्थाको समेत रु ५३ खर्ब २७ अर्ब ९१ करोड बराबरको लेखापरीक्षण गरिएको महालेखापरीक्षकको कार्यालयले जनाएको छ। सोमध्ये तीन हजार ७९ सरकारी निकाय र एक हजार १९ कार्यालयको रु १५ खर्ब ५५ अर्ब ८१ करोड बराबरको लेखापरीक्षणबाट रु ४४ अर्ब ३९ करोड, प्रदेश निकाय र कार्यालय गरी कूल एक हजार १९ को रु दुई खर्ब ३७ अर्ब ४१ करोडको लेखापरीक्षणबाट रु ६ अर्ब ५० करोड बेरुजु देखिएको छ।

# 'स्वास्थ्य...

समितिका सदस्य गिरिराजमणि पोखरेलले कोभिड संक्रमण तत्काल हट्ने नदेखिएकाले स्वास्थ्य मापदण्डको पूर्णपालना गर्दै परीक्षा सञ्चालन गर्नुको विकल्प नभएकोमा जोड दिनुभयो।

समितिका सदस्य हितबहादूर तामाङले जनस्वास्थ्यका विषयमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय नै जिम्मेवार भएपनि कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (सिसिएमसी)का कारण मन्त्रालयले आफ्नो विवेकको प्रयोग गर्न नपाएको बताउनुभयो । समिति सदस्य जीवनराम श्रेष्ठले सिसिएमसीले सरोकार राख्ने निकायसँग सल्लाह नै नगरी परीक्षा रोक्ने निर्णय गर्दा लाखौं विद्यार्थीको भविष्य अन्यौलमा धकेलिएको औँल्याउनुभयो । समितिका सदस्य सुरेशकुमार राईले सिसिएमसी एकाधिकारबादी भएको भन्दै यसमा सबै मन्त्रालयको मन्त्रीको प्रतिनिधित्व हुने गरी पुनःगठन हुनुपर्नेमा जोड दिनुभयो। समिति सदस्य नमिता चौधरीले काठमाडौँलगायतका शहरी क्षेत्रमा लोडसेडिङको समस्या र ग्रामीण क्षेत्रमा सबैतिर इन्टरनेटको पहुँच नभएकाले सबै क्षेत्रमा अनलाइन परीक्षा सम्भव नहुने बताउनुभयो। समिति सदस्य एकवाल मियाँले कक्षा १२ को परीक्षा एउटै चरणमा नसके एकभन्दा बढी चरणमा लिन सकिने बताउनुभयो । समितिकी सभापति जयपुरी घर्तीले सबै परीक्षा नियमित हुने र कक्षा १२ को मात्रै स्थगित हुने घटनालाई समितिले गम्भिररुपमा लिएको बताउनुभयो । यो परीक्षालाई राज्यले गम्भिररुपमा लिन नसकेको उहाँको आरोप छ। सबै किसिमका तयारी पूरा गरेर परीक्षा लिने वातावरण बनाउनुपर्नेमा उहाँको जोड छ। उहाँले भन्नुभयो, 'एउटा कक्षा र एउटा केन्द्रमा यति मात्रै विद्यार्थी राख्ने भन्ने मापदण्ड बनाउँ, विद्यार्थी संक्रमित भएमा छुट्टै राखेर लिने वा नसक्ने अवस्था भएमा पछि लिएर गर्न सकिन्छ।' राष्ट्रिय परीक्षा बोर्डका अध्यक्ष प्राडा चन्द्रमणि पौडेलले कक्षा १२ को परीक्षाको सबै तयारी हुँदा परीक्षा स्थगित गर्नुपरेको बताउनुभयो । भौतिक दूरी कायम गर्दै स्वास्थ्य मापदण्ड पालना हुने गरी परीक्षा लिन लागिएकामा अन्तिम समयमा रोकिँदा विद्यार्थीमा नकारात्मक असर गरेको उहाँको भनाइ छ । उहाँले भन्नुभयो, 'अरु सबै परीक्षा सञ्चालन गर्न हुने १२ को मात्रै रोक्नुपर्ने यो कस्तो भेरियन्ट हो ?' शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव रामप्रसाद थपलियाले परीक्षाको सबै तयारी बोर्डले गरेपनि सिसिएमसीले अन्तिम घडीमा प्रश्न गरेकाले स्थगित गर्नुपरेको बताउनुभयो।

# थ्रि एन्जलस नेपालको चौधौँ साधारणसभा सम्पन्न

**पोखरापत्र संवाददाता**
**पोखरा, ४ भदौ**

थ्रि एन्जल्स नेपालको १४औँ साधारण सभा शुक्रबार सम्पन्न भएको छ। पोखरा १५ नयागाउँस्थि संस्थाको आफ्नै कम्प्लेक्समा सेमि भर्चुवल माध्यमबाट सधारणसभा गरिएको हो।

कार्यक्रममा बोल्दै थ्रि एन्जल्स नेपालका संस्थापक अध्यक्ष एवं प्रमुख कार्यकारी डा. राजेन्द्रकुमार गौतमले संस्थाको दिगोपन र आत्मनिर्भरका लागि गरिएका प्रयासमा सबैको साथ मिलेको बताउनुभयो । संस्थाको सफलताका निमित्त संस्थामा आवद्ध सबैको भूमिका उत्तिकै हुने बताउँदै डा. गौतमले मानिसप्रतिको प्रेम र उसको क्षमता पहिचान गर्न सकेको खण्डमा कुनैपनि संस्था दिगो रुपमा अघि बढ्न सक्ने बताउनुभयो । डा. गौतमले चौध वर्ष अघि संस्था स्थापना गर्दाको अवस्था स्मरण गर्दै संस्थालाई सहयोग गर्ने संस्थाका कर्मचारी, राज्यका निकायहरु, स्थानीय तह, प्रहरी प्रशासन, र सम्पूर्ण सरोकारवालाहरुलाई धन्यबाद दिनुभयो।

आगामी कार्ययोजना र रणनीतिबारे बताउँदै डा. गौतमले अब दिगोपनका लागि आत्मानिर्भताको बाटोतर्फ अघि बढेको जानकारी दिनुभयो । उहाँले अब संस्थाका विभागहरुलाई स्तरोन्नती गर्दै संस्थालाई अझ शशक्त बनाउँदै लैजाने योजना सुनाउनुभयो । मानिसप्रतिको प्रेम र क्षमता पहिचान गरी उनीहरुको विकास गर्न सके समाजबाट विकृति विसंगती र बेचविखन जस्ता जघन्य अपराधहरु समेत कम हुँदै जानेमा डा. गौतमको जोड थियो।

सोही अवसरमा आफ्ना धारणा राख्दै थ्रि एन्जल्स नेपालका अध्यक्ष सारदा खत्री गौतमले थ्रि एन्जल्सका नेपाल संस्था मात्र नभई एउटा परिवार पनि भएको बताउनुभयो। कोरोनाको महामारीका बीच समेत संस्थामा आवद्ध सबैले मानव बेचविखन विरुद्ध खटिएर काम गरिरहेको उहाँको भनाई थियो । साथै संस्थाले सामाजिक लेखाजोखा र साधारणसभा तोकिएकै समयमा सम्पन्न गर्ने



अभ्यास गरिरहेको बताउनुभयो । साथै कोरोना संक्रमणका कारण चरक अस्पतालको भेन्टिलेटरमा उपचारत संस्थाका मानब संसाधन विभाग म्यानेजर किसान बहादुर गुरुङ गुरुङ्गको स्वास्थ्यलाभको कामना गर्नुभयो ।

कार्यक्रमा शुभकामना मन्तव्य राख्दै थ्रि एन्जल्स नेपालका पुर्व सचिब भुपेन्द्र आर्चयले लामो संघर्ष र निरन्तर मेहनतले संस्था सफलताको बाटोमा आइपुगेको बताउनुभयो । भऱ्याङ्ग मुनि कार्यालय राखेर सुरुवात भएको संस्था अहिले आफ्नै सुधिासम्पन्न भवनबाट सञ्चालन हुनुमा संस्थापक अध्यक्ष डा. राजेन्द्रकुमार गौतम र सह-संस्थापक शारदा खत्री गौतमको योगदान महत्वपूर्ण रहेको उहाँले बताउनुभयो ।

यसैबीच संस्थाले हरेक वर्ष उत्कृष्ठ कार्य गरेवापत प्रदान गदै आएको सर्वोत्कृष्ठ कर्मचारी अवार्ड शुभतारा थ्रि एन्जल्स मिसन स्कूलका जनसम्पर्क प्रमुख विष्णु ढकालले प्राप्त गर्नुभयो । उहाँलाई संस्थाका अध्यक्ष शारदा खत्री गौतम, प्रमुख कार्यकारी डा. राजेन्द्र गौतम र अघिल्लो वर्ष सोही अवार्ड प्राप्त गरेका भीम पौडेलले संयुक्तरुपमा ट्रफी हस्तान्तरण गर्नुभयो।

साधारणसभामा संस्थाका सचिव गणेशकुमार श्रेष्ठले प्रस्तुत गर्नुभएको आर्थिक बर्ष ०७७/७८ को प्रगाति बिवरण र संस्थाका कोषाध्यक्ष रमेश पाण्डेले प्रस्तुत गर्नुभएको आर्थिक प्रतिबेदन सर्व सम्मतिले पारित भएको छ । संस्थाका अध्यक्ष शारदा खत्री गौतमको अध्यक्षतामा भएको उक्त कार्यक्रमको सञ्चालन संस्थाका कानून अधिकृत अधिवक्ता भीम पौडेलले गर्नुभएको थियो । कार्यक्रममा, संस्थाको विभिन्न शाखाका प्रतिनिधिहरु भने भर्चुवल रुपमा सहभागी भएका थिए।






# कपालको उपचार

## कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

### के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

# के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने:**
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरुमा देखिने:**
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडबडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता**: अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# पुराना सुन्तला बगैँचामा साढे दुई हजार नयाँ बिरुवा थपिए

**– हरि बाँस्तोला**
**गण्डकी, ४ भदौ (रासस)**

पोखरा महानगरपालिका कृषि महाशाखाद्वारा सञ्चालित मेयर प्रविधिमैत्री सुन्ताला बगैँचा व्यवस्थापन अभियानले यस वर्ष पुराना बगैँचामा दुई हजार ६२१ नयाँ बिरुवा थपेको छ। वडा नं २१ र २२ लाई पकेट क्षेत्र घोषण गरी सुरु गरिएको सो कार्यक्रमअन्तर्गत सुन्तलाका बोट सङ्ख्याका आधारमा किसानले पाउने अनुदानबाट कट्टा गरिएको रकमबाट उक्त बिरुवा थपिएका हुन्।

रु पाँच हजार अनुदान प्राप्त गर्ने कृषकबाट ४०० र त्यो भन्दा माथिको हकमा रु ८०० कट्टा गरी उक्त रकमबाट सुन्तलाका नयाँ बिरुवा रोप्न कृषकलाई प्रेरित गर्दै आएको कृषि महाशाखा प्रमुख मनोहर कडरियाले जानकारी दिनुभयो। कृषकले आफ्नै पहलमा रोपिएका बिरुवाको सङ्ख्या पनि ठूलो छ। उहाँका अनुसार सिट्रस ग्रिनिङलगायतका भाइरसका कारण लोप हुने अवस्थामा पुगेको सुन्तला खेतीप्रति किसानको उत्साह बढाउँदै उत्पादनमा वृद्धि ल्याउने लक्ष्यका साथ महानगरपालिकाद्वारा सञ्चालित मेयर प्रविधिमैत्री सुन्तला बगैँचा व्यवस्थापन अभियान प्रभावकारी हुने विश्वास लिइएको छ।

किसानलाई प्रोत्साहन गर्दै सुन्तला क्षेत्रको विस्तार गर्ने लक्ष्यका साथ तीन वर्षयता सञ्चालनमा आएको अभियानअन्तर्गत रु ४५ लाख अनुदान वितरण गरिएको छ भने आव २०७८/७९ का लागि रु २० लाख बजेट विनियोजन गरिएको उहाँको भनाइ छ। कार्यक्रमअन्तर्गत गत आवमा किसानलाई फल दिने बोटका हिसाबमा रु १५ लाख बराबरको अनुदान रकम वितरण गरिएको थियो। त्यसबाट सुन्तला बगैँचाको राम्रो व्यवस्थापन हुनाका साथै उत्पादनमा समेत वृद्धि आएको किसानको सामूहिक धारणा छ।

घोषित पकेट क्षेत्रअन्तर्गतका २०४ बगैँचाका २० हजार ४९७ बिरुवाले उत्पादन दिइरहेका छन्। विशेषगरी सुन्तला बगैँचाको राम्रो व्यवस्थापन गर्ने हो भने रोगको आक्रमणबाट जोगाउँदै लामो समयसम्म आम्दानी लिन सकिने कृषि अधिकृत दामोदर पोखरेल बताउनुहुन्छ। प्राविधिकसहितको टोलीले प्रत्येक कृषकको सुन्तला बगैँचामा पुगेर गरिएको अनुगमनका आधारमा अनुदान उपलब्ध गराइएको कृषि प्राविधिक सुरोज चितुवालले जानकारी दिनुभयो।

रोगले बिरुवा मर्न लागेपछि बगैँचा सुधारका लागि महानगरपालिकाले सञ्चालन गरेको कार्यक्रमअन्तर्गत चालु आवका लागि २० हजार सुन्तलालगायत कागती र जुनारका नयाँ बिरुवासमेत रोपिएको उहाँको भनाइ छ। महाशाखाले तीन वर्षको अवधिमा सो क्षेत्रमा रु ४५ लाख अनुदान वितरण गरेको थियो। उहाँले भन्नुभयो, "मलखाद प्रयोग गरेका पाँच वर्षमाथिका बिरुवाको प्रतिबिरुवा रु ३०, बोडोपेस्ट लगाएका बिरुवाको रु ३०, बोडो मिक्स्चर स्प्रे गरेका बिरुवालाई रु २० र छाप्रो प्रयोग गरेका बिरुवालाई रु २० का दरले प्रोत्साहनस्वरुप अनुदान रकम उपलब्ध गराइँदै आएको छ।

सुन्तलाका बिरुवा बाहिर जिल्लाबाट ल्याउँदा रोगको प्रकोप बढ्ने खतरालाई मध्यनजर गर्दै महाशाखाले वडा नं २१ स्थित खाल्से, वडा नं २२ स्थित लीलाधर पौडेलको नर्सरी, घाँटीछिना र लेखनाथमा सुन्तलाको नर्सरी स्थापना गरी उत्पादित सुन्तलाका बिरुवा कृषकलाई उपलब्ध गराइँदै आएको महाशाखाका कृषि अधिकृत दामोदर पोखरेलले बताउनुभयो।

विभिन्न नर्सरीमा यस आवमा १२ हजारभन्दा बढी सुन्तलाका बिरुवा उत्पादन गरिएको बताउँदै उहाँले यहाँको उत्पादनले अपुग भएपछि यस वर्ष पनि नौ हजार बिरुवा बाहिर जिल्लाबाट आयात गरी कृषकलाई वितरण गरिएको जानकारी दिनुभयो।

कार्यक्रमले पकेट क्षेत्रका पुराना सुन्ताला बगैँचाको व्यवस्थापनलाई तीव्रता दिँदै स्थानीय विभिन्न सङ्घसंस्थाको सक्रियतामा सामुदायिक वन, विद्यालयलगायतका खाली रहेका सार्वजनिक जग्गामा समेत नयाँ सुन्तलाका बिरुवा रोप्ने अभियान सञ्चालन गरेको छ। महााशाखाले पकेट क्षेत्रभन्दा बाहिर अन्य स्थानमा समेत सुन्तलालगायत कागती, लिची, निबुवा, जुनार, केरा, मेवा, एभोकाडोलगायत विभिन्न जातका करिब ५० हजार बिरुवा वितरण गरेको छ।



लत्ताकपडा पसलमा भीडः पोखराको पृथ्वीचोकमा लत्ताकपडा पसलमा कपडा किन्दै सर्वसाधारण। जनै पूर्णिमा नजिकिँदै गर्दा बजारमा किनेमेल गर्नेको भिड बढेको छ। तस्वीर : जमुनावर्षा शर्मा

# जिल्ला सदरमुकाममै छैन 'हेलिप्याड'

**–खेमराज गौतम**
**बागलुङ, ४ भदौ (रासस)**

बागलुङ बजारमा जनघनत्वसँगै बस्ती विकास तीव्ररुपमा बढ्दै जाँदा खाली जग्गा पाउन मुस्किल हुन थालेको छ।

पछिल्लो समय स्थानीय तहले सञ्चालन गर्दै आएको 'एक वडा, एक हेलिप्याड'ले समेत सार्थकता पाउन सकेको छैन। सार्वजनिक स्थान अभावमा थोरै मात्र वडामा हेलिप्याड निर्माण भएका छन्। हेलिप्याड नहुँदा उद्धारमा कठिनाइ भइरहेको बजारबासी बताउँछन्।

कोरोना महामारीमा यसको अभाव झनै खड्किएको छ। जिल्लामा नेपाली सेना र नेपाल प्रहरीको बाहेक अन्य हेलिप्याड नहुँदा कोरोना सङ्क्रमितका उद्धारमा धौलागिरि क्याम्पसको प्राङ्गणमा हेलिकप्टर अवतरण गर्ने गरिएको छ। सुरक्षाका दृष्टिले हेलिकप्टरका लागि हेलिप्याड नै निर्माण गर्न आवश्यक हुन्छ। राष्ट्रपति उद्धार कार्यक्रमका लागि सरकारले वडा वडामा हेलिप्याड बनाउने योजना बनाए पनि सार्थकता पाउन सकेको छैन। जिल्लाबाट कोरोनाका बिरामीलाई हेलिकप्टरमार्फत पोखरा र काठमाडौँ पठाइए पनि जिल्ला सदरमुकाममै हेलिप्याड नहुनु दुःखद् रहेको स्थानीय राजन शर्मा बताउनुहुन्छ।

धौलागिरि अस्पताल परिसरमा लामो समयदेखि हेलिप्याड बनाउन खोजेको भए पनि जग्गा अभावका कारण बनाउन नसक्दा क्याम्पसका भर पर्नुपर्ने अवस्था आएको अस्पताल व्यवस्थापन समिति अध्यक्ष केबी रानाले बताउनुभयो। "अस्पतालको जग्गा २५ रोपनी छ। खाली जग्गा निकै कम छ, सुरुमा गुरुयोजना नबनाउँदा आवासीय भवन अस्तव्यस्त रुपमा निर्माण भएका रहेछन्", उहाँले भन्नुभयो, "अस्पतालको छतमा हेलिप्याड बनाउन प्रयास गरेका थियौँ, त्यो प्राविधिकरुपमा कठिन र बढी खर्चिलो भएकाले सकिएन, अस्पतालभित्रै हेलिप्याडको खाँचो छ, जग्गा छैन, बागलुङ बजारमा जग्गा खरिद गर्न सक्ने अस्पतालको आर्थिक अवस्था छैन।" क्याम्पस प्राङ्गणमा हेलिकप्टर अवतरण गर्दा पठन पाठनमा असर पर्दै आएको छ।

क्याम्पसमा हेलिकप्टर आउँदैछ भन्ने कुरा क्याम्पस प्रशासनलाई समेत सूचना नहुने क्याम्पस प्रमुख डा रामप्रसाद उपाध्यायले बताउनुभयो। "कहिलेकाहीँ त दैनिकजसो हेलिकप्टर आउँछ, हामीलाई थाहा हुँदैन, क्याम्पसमा कहिले पढाइ त कहिले परीक्षा चलिरहेको हुन्छ, व्यावहारिकरुपमा अत्यावश्यक उद्दारमा त हामीले केही भनेका छैनौँ", उहाँले भन्नुभयो " भेटघाट, घुमघाम तथा चुनावी प्रचारमा आउने हेलिकप्टर क्याम्पसमा नराख्दा राम्रो हुन्थ्यो, उपल्लाचौरको ब्यारेक तथा बाङ्गेचौरको खेल मैदान विकल्प हुन सक्छ।" हेलिकप्टर ल्याउनेमध्ये केहीले मात्रै क्याम्पसलाई जानकारी दिने गरेको र अरुले हचुवाको भरमा अवतरण गराउँदछन्। हेलिकप्टर हेर्नेको समेत क्याम्पसमा भीड बढ्दा सुरक्षा चुनौतीसमेत बढेको उहाँको भनाइ छ। शैक्षिक संस्थाभित्र हेलिकप्टर राख्दा क्याम्पस प्रशासनलाई जानकारी दिन आवश्यक रहेको उहाँको भनाइ छ। जिल्लामा पछिल्लो समय विभिन्न पालिकामा अवतरण गर्न हेलिप्याड बनाएकोले स्थानीय तहसँग समन्वय गरी जिपिएससहितको विवरण तयार पार्न थालिएको निमित्त प्रमुख जिल्ला अधिकारी गशेण गौतमले बताउनुभयो। वैकल्पिक व्यवस्थापनका लागि क्याम्पसको प्राङ्गण प्रयोगमा ल्याइएको र बजारका अन्य स्थानमा समेत हेलिप्याड निर्माण गर्न आवश्यक भइसकेको उहाँको भनाइ छ। कोरोना सङ्कटमा हेलिकप्टरबाट सङ्क्रमितको उद्धार व्यापक भएकाले हेलिप्याड आवश्यक भएकाले आपत्कालीन अवस्थामा सुरक्षा निकायको हेलिप्याडसमेत प्रयोग गर्न सकिने उहाँले बताउनुभयो।

आर्थिक हैसियत राम्रो भएका चाडपर्वमा घर फर्कदासमेत हेलिकप्टरको प्रयोग गर्दै आएका बताइएको छ। आपत्कालीन अवस्थामा बाहेक अन्य समयमा क्याम्पस हातामा हेलिकप्टर राख्दा समस्या हुने क्याम्पस प्रशासनले जनाएको छ। सो अस्पतालले २०० शय्यामा अस्पताल स्तरवृद्धिका लागि जग्गा अभाव भइरहेको जनाउँदै आएको छ। हालै मात्र अस्पतालको पूरै जग्गामा विस्तृत आयोजना प्रतिवेदन बनाइएको छ भने आगामी दिनमा निर्माण गर्ने अस्पताल भवनका छतमा हेलिप्याड राख्न मिल्ने छत बनाउने उद्देश्य राखिएको छ।


**श्री मुग्रीबेशी सामुदायिक वन उपभोक्त समूह**
**साविक मिजुरे-५, मुग्री हाल मादी गाउँपालिका-९, कास्की**

**काठ लिलाम बिक्री सम्बन्धी सूचना।**

(प्रथम पटक प्रकाशित मिति २०७८/०५/०५)

**यस समूहको खण्ड नं. २ मा वन सम्बर्द्धन कार्य वन पैदावार कटान मुछान गर्दा निस्कने तपशिल बमोजिम काठका गोलिया लिलाम बिक्री गर्न मिति २०७८/०५/०५ गतेको दिनदेखि समूह बाहिर लिलाम बिक्री गर्न २१ दिनको सार्वजनिक सूचना कार्यालयमा टाँस गरिसकिएको छ। उक्त लिलाममा सहभागी हुनका लागि इन्छुक व्यक्ति वा फर्मले बेलुका ५:०० बजेसम्म यस कार्यालयमा आएर सिलबन्दी फारम रु. १०००।–(एक हजार) मात्रा तिरी यस कार्यालयमा पेश गर्नु पर्नेछ। २०७८/०५/२५ गते १२:०० बजेदेखि १:०० बजेसम्म टेण्डर खोलिने व्यहोरा जानकारी गराउँछौं।**

**सम्पर्क नं.**

अन्य विस्तृत जानकारीका लागि श्री मुग्रीबेशी सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्नुहोला।

मो. ९८४६९९४८८३, ९८०४१६०६६१


# स्थानीय तहमा बारअनुसार सेवा

**पोखरापत्र संवाददाता**
**दमौली, ४ भदौ**

कोभिड-१९ को सङ्क्रमण दिनदिनै बढ्दै गइरहेको र कार्यालयमा सेवाग्राहीको चाप अत्यधिक बढेपछि जिल्ला प्रशासन कार्यालयले अब बारअनुसार सेवा प्रवाह गर्ने भएको छ। दश स्थानीय तह रहेको जिल्लाका नागरिकलाई कार्यालयले यही भदौ ७ गतेदेखि बारअनुसार सेवाप्रवाह गर्न लागेको हो।

कार्यालयमा अत्यावश्यक सेवाबाहेक अन्य सबै किसिमका दैनिक सेवा लिन आउने सेवाग्राहीको सङ्ख्या अत्यधिक बढेकाले यस्तो व्यवस्था सुरु गर्न लागिएको सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बरालले जानकारी दिनुभयो। "कार्यालय तथा बजारमा मानिसको भीडभाडसँगै सङ्क्रमण पनि बढेको हुँदा मानिसको आवागमन कम गर्न यही भदौ ७ गतेदेखि अर्को व्यवस्था नभएसम्मका लागि स्थानीय तहगतरूपमा सेवाप्रवाहको व्यवस्था मिलाएका छौँ", बरालले भन्नुभयो।

# चिमखोला-राहुघाट प्रसारण लाइन आयोजना अघि बढ्यो

**रासस**
**म्याग्दी, ४ भदौ**

म्याग्दीको रघुगङ्गा गाउँपालिका-७ चिमखोलादेखि पिप्लेको राहुघाट जोड्ने २२० केभी क्षमताको चिमखोला-राहुघाट प्रसारण लाइन निर्माण प्रक्रिया अघि बढेको छ।

मङ्गले र अपर (माथिल्लो) राहुघाट जलविद्युत् आयोजनाबाट उत्पादित विद्युत् केन्द्रीय ग्रिडमा जोड्न दुवै आयोजनाको प्रवर्द्धक तुँदी पावर कम्पनीले चिमखोलादेखि राहुघाट सवस्टेशनसम्म १३ किलोमिटर दूरीको प्रसारण लाइन बनाउन लागेको हो।

परामर्शदाता इनर्जी रिसोर्सेस एण्ड सोलुसन प्रालिका शङ्कर बस्यालले ३५ मेगावाट क्षमताको मङ्गले राहुघाटको विद्युत्गृहबाट ४८.५ मेगावाट क्षमताको माथिल्लो राहुघाटको स्वीचार्ड हुँदै पिप्लेको अम्बाङमा निर्माणाधीन राहुघाट सवस्टेशनसम्म डबल सर्किट प्रसारण लाइन बनाउन लागिएको जानकारी दिनुभयो। "रघुगङ्गाको ३, ४, ५ र ७ नम्बर वडामा क्रमशः १३, ३, ३ र ६ र १४ वटा टावर बनाउन प्रस्ताव गरिएको छ", उहाँले भन्नुभयो, "२४ महिनामा सम्पन्न गर्ने प्रसारण लाइन बनाउन रु २८ करोड लगानी आवश्यक पर्ने अध्ययनले देखाएको छ।"

आयोजनाको वातावरणीय प्रभाव न्यूनीकरण तथा सामुदायिक सहयोग कार्यक्रमका लागि रु ६५ लाख प्रस्ताव गरिएको छ। आयोजनाका प्रतिनिधि उपेन्द्र गौतमले सामुदायिक सहयोग कार्यक्रमको बजेट गाउँपालिकाले सिफारिस गरेका प्रभावित वडाका योजना तथा कार्यक्रममा खर्च गरिने बताउनुभयो। रघुगङ्गा गाउँपालिकाका अध्यक्ष भवबहादुर भण्डारीले राहुघाट र आसपासका नदीमा निर्माणाधीन अन्य आयोजनासँग पनि साझेदारी गरी कम लागतमा सबैले विद्युत् आपूर्ति गर्न मिल्ने गरी प्रसारण लाइन बनाउनुपर्ने बताउनुभयो। बन्दीमा बाँध निर्माणाधीन रहेको राहुघाट मङ्गले जलविद्युत् आयोजनाको दुई वटा अडिटबाट ४०० मिटर सुरुङ निर्माण सकिएको छ। चिमखोलाको मलाङमा विद्युत्गृह रहने मङ्गले राहुघाटको सुरुङ पाँच किलोमिटर छ। कम्पनीका इञ्जिनियर नरोत्तम कार्कीले गत मङ्सिर महिनादेखि सुरुङ खन्न थालिएको आयोजना तीन वर्षभित्र सम्पन्न गर्ने लक्ष्य राखिएको बताउनुभयो।

दग्नामको अजिङ्गर भिरदेखि बन्दीसम्म सात किलोमिटर पहुँचमार्ग खनेको यस आयोजनाले चिमखोलास्थित बगरखोला माथि ३० मिटर लामो बेलिब्रिज निर्माण गरेपछि आवतजावत सहज भएको छ। घ्याँसीखर्कमा अर्को बेलिब्रिज बनाउने तयारी गरेको इञ्जिनियर कार्कीले बताउनुभयो। कूल लागत रु पाँच अर्ब ९२ करोड लागत अनुमान गरिएको मङ्गले राहुघाटको आउटलेटदेखि १५० मिटर तल पानी विद्युत्गृहमा खसालेर विद्युत् उत्पादन गरिनेछ। मलाङमा विद्युत् गृह निर्माण गर्न जग्गा व्यवस्थापन गरिएको छ। आयोजना निर्माणमा आवश्यक विस्फोटक पदार्थको भण्डारण र सुरक्षाका लागि रघुगङ्गा-७ चिमखोलामा नेपाली सेनाको क्याम्प स्थापना भएको छ। अपर राहुघाटको विद्युत् गृहबाट निस्कने र बगरखोलाको पानी मिसाएर मलाङमै बाँध र राहुघाट जलविद्युत् आयोजनाको बाँधदेखि ५०० मिटरमाथि विद्युत् गृह बनाउने गरी अर्को माथिल्लो राहुघाट जलविद्युत् आयोजनाको पनि प्रारम्भिक चरणको काम सुरु भएको छ। विद्युत्गृह र अडिट निर्माणस्थल पुग्ने २०० मिटर सडक निर्माण बाँकी छ। विद्युत्गृह निर्माणस्थल नजिकै राहुघाट नदीमाथि ६९ मिटर लामो बेलिब्रिज निर्माण भएको छ। विस्फोटक पदार्थको प्रयोग गरेर अडित १ को सुरुङ निर्माण थालिएको छ। कुइनेमङ्गलेमा राहुघाट नदीको सहायक ठूलोखोलामा २१.३ मेगावाट क्षमताको ठूलोखोला जलविद्युत् आयोजना निर्माणका लागि संयुक्त ऊर्जा प्रालिले अनुमति लिएको छ। ठूलोखोलाको पनि बाँध निर्माणस्थलसम्म पहुँचमार्ग निर्माण भइसकेको छ।

राहुघाट नदीमै नेपाल विद्युत् प्राधिकरणको सहायक कम्पनी रघुगङ्गा हाइड्रो लिमिटेडले ४० मेगावाट क्षमताको राहुघाट जलविद्युत् आयोजना निर्माण गरिरहेको छ। राहुघाटको ३० प्रतिशत पूर्वाधार निर्माण सकिएको छ।

# प्राचीन सम्पदा संरक्षणमा गाउँपालिकाको प्राथमिकतामा

**–वासुदेव पौडेल**
**काठमाडौं, ४ भदौ (रासस)**

कास्कीको अन्नपूर्ण गाउँपालिकामा प्राचीन सम्पदा संरक्षण गर्न थालिएको छ। युगौँदेखिको सम्पदा, संस्कार, संस्कृति एवं इतिहासलाई स्मरणीय बनाउने सोचका साथ संरक्षणमा चासो दिइएको हो।

गाउँपालिका अध्यक्ष युवराज कुँवरका अनुसार जिल्लाकै प्रसिद्ध विन्ध्यवासिनी मन्दिरदेखि हिमालपारिको जिल्ला मुक्तिनाथसम्म जोड्ने मार्गको नागडाँडास्थित प्राचीन चौतारासहित १७ ऐतिहासिक चौतारा मर्मत गरिएको छ। यहाँ ऐतिहासिक महत्वका ८८ चौतारा र ३८ कुवा तथा पोखरी छन्। तीमध्ये वडा नं २ को रातामाटा, ५ को चिसापानी, ६ को लुम्ले माझखोला र ९ को उल्लेरीको उजेलीलगायत कुवा बस्ती विकास हुँदादेखि नै अस्तित्वमा रहेकाले तिनको विशेष महत्व छ। त्यस्तै ऐतिहासिक मठमन्दिरको सङ्ख्या १५५ छ।

पर्यावरणीय सन्तुलनमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने चौतारा र प्राचीनकालदेखि सर्वसाधारणको खानेपानीका उपयुक्त विकल्प बनेका कुवा संरक्षणमा जोड दिइएको अध्यक्ष युवराज कुँवरले जानकारी दिनुभयो।

ऐतिहासिक कुवा, पोखरीको संरक्षणका साथै पर्यावरणीय संरक्षणका लागि बोटबिरुवा रोप्ने क्रमलाई पनि अघि बढाइएको छ। वडा नं ११ स्थित समुद्री सतहबाट तीन हजार १०० मिटर उचाइमा रहेको 'हिडन लेक' स्थित ताल संरक्षण गरिएको छ। पदयात्रा मार्गमा पर्ने हिमालको छाया देखिने रमणीय सो काललाई लुकेको तालका रुपमा लिइन्छ। वडा नं ९ स्थित उल्लेरीको बराह ताल पनि संरक्षण गरिएको उहाँले बताउनुभयो। वडा नं ४को सल्यानस्थित ताल चियाउने गरामा रहेको ऐतिहासिक पोखरी र वडा नं ५ स्थित शीतल गुफा संरक्षण गरिएको छ। छोम्रोङमाथि अन्नपूर्ण आधार शिविरमा कुनै पनि पूर्वाधार विकासका नाममा यान्त्रिक औजार प्रयोग नगर्नाका साथै यस क्षेत्रलाई 'पर्यावरणीय प्राकृतिक क्षेत्र' घोषणा गरिएको छ। वडा नं २ रातामाटा चौरस्थित शिवालय मन्दिर परिसरमा १०८ पीपलका बिरुवा रोपिएको छ। अन्नपूर्ण आधार शिविर पदमार्गमा पर्ने ऐतिहासिक एवं धार्मिक महत्वको बराह संरक्षणका लागि गाउँपालिकाले चालु आवमा रू १० लाख विनियोजन गरेको पर्यटन व्यवसायी गुरुङले जानकारी दिनुभयो।

यस्ता सम्पदाले यहाँको ऐतिहासिक महत्वसमेतलाई उजागर गर्ने भएकाले तीनै तहका सरकारले चासो दिनुपर्ने उहाँको भनाइ थियो। छोम्रोङमा ध्यान केन्द्र निर्माणका लागि गाउँपालिकाले रु पाँच लाख उपलब्ध गराएको व्यवसायी गुरुङले उल्लेख गर्नुभयो।